# रास्वपा पर्साको सभापतिमा पन्त

टुडे समाचारदाता

वीरगञ्ज । राष्ट्रिय स्वतन्त्र पार्टी पर्साको सभापतिमा हरि पन्त सर्वसहमतिबाट चयन भएका छन् । आइतबार सम्पन्न भएको पर्साको प्रथम जिल्ला अधिवेशनबाट आठ सदस्यीय जिल्ला समिति सदस्यलाई सर्वसहमतिबाट चयन गरिएको हो ।



केन्द्रीय उपसभापति डा स्वर्णिम वाग्लेको प्रमुख आतिथ्यमा सप्पन्न जिल्ला भेलामा निर्वाचित समिती सदस्यलाई उपसभापति वाग्लेले सपथ ग्रहण गराउदै शुभकामना समेत दिएका थिए । उक्त भेलाले उपसभापतिमा तुल्सा पैडेल सचिवमा सुदिश प्रजापति ,सहसचिवमा कृष्ण पासवान सदस्यहरुमा दिलिप कुर्मी ,पूर्ण सापकोटा ,सुरेश यादव र प्रियंका पटेल लाई समेत चयन गरेको छ । सभापति पन्त यस अघि जेष्ठमा रास्वपा मधेश प्रदेशद्वारा पर्साको जिल्ला संयोजक चुनिएका थिए ।

# जसका दुवै सन्तान 'एनपिएलका' विजेता र उपविजेता बने !

वीरगञ्ज । वीरगञ्ज महानगर-१२ मुर्ली नयाँटोलका मोहम्मद सलाम शेख र समा प्रवीन त्यस्ता भाग्यमानी अभिभावक हुनुहुन्छ, जसका दुवै सन्तान प्रथम संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)को उपाधि चुम्ने जनकपुर बोल्ट्सका टिमका सदस्य आसिफ शेख र उपविजेता बन्ने सुदूरपश्चिम रोयल्स टिमका सदस्य आरिफ शेखका बुबाआमा हुनुहुन्छ ।

काठमाडौँको कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा शनिबार भएको फाइनल खेलमा समा प्रवीनको कोखबाट जन्मिएका आरिफ शेख र आसिफ शेख भने फरक-फरक टिमबाट प्रतिनिधित्व गर्दै उपाधि होडका लागि प्रतिस्पर्धामा उत्रिनुभएको थियो ।

त्यस्तै खालको फरक दृश्य सङ्घीय राजधानीभन्दा दुई सय ७० किलोमिटर टाढा रहेको वीरगञ्जको मुर्ली नयाँटोलस्थित दुवै खेलाडीको घरमा पनि देखिन्थ्यो । उहाँहरुको बुबा-आमा पनि फरक-फरक टिमको समर्थक बनेर आफ्ना दुवै छोराका टिमलाई हौसला थप्दै हुनुहुन्थ्यो । बुबा मोहम्मद कान्छो छोरा आसिफ शेख खेल्ने जनकपुर बोल्ट्सको समर्थक हुनुहुन्थ्यो भने आमा भने जेठो छोरा आरिफले खेल्ने सुदूरपश्चिम रोयल्सको समर्थक हुनुहुन्थ्यो ।

बुबा मोहम्मदले एनपिएल खेलमा दुवै छोरा खेल्ने निश्चित भएसँगै दुवै टिम फाइनलमा प्रतिस्पर्धा गरोस् भन्ने चाहना रहेको सुनाउनुभयो । "एउटै घरका दुई छोरा फरक-फरक टिमबाट खेल खेलेपछि एउटाले जित्ने र अर्कोले हार्ने त निश्चित जस्तै थियो । त्यसैले पनि बाध्य भएर नै एउटाको समर्थक बन्न परेको हो", उहाँले भन्नुभयो, "एनपिएलमा दुवै छोरा फरकफरक टिमबाट प्रतिनिधित्व गरेसँगै आफूलाई दुवै छोराले फाइनल खेलोस् भन्ने चाहना पनि पूरा हुँदा खुसीले गद्गद् भएको छु ।"

शनिबार बेलुकापख आरिफ र आसिफको घरपुग्दा भने बुबा हर्षित मुद्रामा देखिनुहुन्थ्यो भने आमा समा भने केही




मलिन मुद्रामा देखिनुहुन्थ्यो । "मलाई त दुवै छोराले खेल जितुन् भन्ने लागेको थियो । तर के गर्नु खेलको नियम त एउटाले जित्नुपर्ने रैछ", आमा समा प्रवीनले भन्नुभयो, "दुवै छोराहरु फरक-फरक टिमबाट खेल्ने भएपछि श्रीमान्ले जनकपुरको पक्षमा रहनुभयो भने मैले सुदूरपश्चिमको पक्षमा रहेँ ।"

सुदूरपश्चिमले टस जितेर पहिलो ब्याटिङ गर्दै २० ओभरमा नौ विकेटको क्षतिमा एक सय ८४ रन बनाएको थियो । त्यो बेलासम्म आमा समालाई सुदूरपश्चिमले एनपिएलको उपाधि जित्नेमा कुनै शङ्का नै थिएन । उहाँ सुदूरपश्चिमका खेलाडीले चौका र छक्का हिर्काउँदा भने निकै प्रफुल्लित हुने गरेको सुनाउनुभयो । "मलाई त पहिलो चरणको ब्याटिङ हेरेपछि त सुदूपश्चिमले उपाधि जित्नेमा ढुक्क जस्तै थिएँ । तर, पछि जनकपुरले उत्कृष्ट कमब्याक गर्दै उपाधि जित्यो", उहाँले भन्नुभयो, "जुन टिमले जिते पनि नेपाली क्रिकेटको जित भएको अनुभूति गरेको छु ।"

सुदूरपश्चिमले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा एक सय ८५ रनको लक्ष्य जनकपुर बोल्ट्सलाई दिएको थियो । तर, शुरुआती चरणमै उत्कृष्ट ब्याटिङ गर्दै जनकपुरले १९ दशमलव दुई ओभरमा पाँच विकेट गुमाउँदै लक्ष्य पछ्याएको थियो । फाइनल खेलमा जनकपुरले सुदूरपश्चिमलाई पाँच विकेटले पराजित गर्दै उपाधि होड रक्षा गरेको थियो ।

शेख परिवारमा आमा र बुबा फरक-फरक टिमका समर्थक भए पनि दुवै खेलाडीका बहिनी मुस्कान प्रविन भने दुवै दाजुको टिमको समर्थक रहेको बताउनुभयो । "आमा-बाबा अलगअलग टिमको पक्षमा हुनुहुन्थ्यो । मेरा लागि दुवै दाजुहरु बराबर भएकाले दुवैको फ्यान थिएँ", उहाँले दाजुहरुको मेहनत र लगनशील भएर खेलेकाले दुवै टिमको समर्थक रहेको बताउनुभयो ।

बुबा मोहम्मद छोराहरु आरिफ र आसिफ आजको यो स्थानसम्म आइपुग्न भने धेरै नै सङ्घर्ष गरेको स्मरण गर्नुहुन्छ । "छोराहरुको जहाँजहाँ खेल हुन्थ्यो । म त्यहीँ पुगेर नै खेल हेरेर हौसला थप्ने काम गर्थें", मोहम्मदले भन्नुभयो, "क्रिकेट खेल्नका लागि आवश्यक पर्ने सबै खालका खेल सामग्री पनि उपलब्ध गराइदिन्थें ।"

आरिफ शेख नेपाली राष्ट्रिय क्रिकेटका अलराउण्डर खेलाडीका रुपमा परिचित हुनुहुन्छ । आरिफले वीरगञ्जको नारायणी रङ्गशाला परिसरमा रहेको वीरगञ्ज क्रिकेट मैदानबाट भएको खेल यात्रालाई अहिलेसम्म अविच्छिन्न अघि बढाउँदै आउनुभएको छ । वीरगञ्जको विद्यासदन सेकेन्डरी विद्यालय हुँदै 'अन्डर १९' राष्ट्रिय टिममा खेल्दै सिनियर टिमसम्म पुग्न सफल खेलाडीको रुपमा परिचित हुनुहुन्छ उहाँ ।

नेपाली टिममा एक दशकभन्दा लामो समय खेल्दै आएका आरिफ नेपाली क्रिकेट टिमका भरपर्दा खेलाडीका रुपमा चिनिने गर्नुहुन्छ । 'लोभर मिडल अर्डर'मा ब्याटिङ गर्ने गर्नुहुन्छ । आरिफले एनपिएलमा फाइनल खेलमा पनि त्यति उत्साहजनक खेल पस्किन भने सक्नुभएन् । फाइनल खेलमा आरिफले तीन बलमा एक रन बनाएर आउट हुनुभयो । सुदूरपश्चिम रोयल्सले आरिफलाई एनपिएलको अक्सनमार्फत १५ लाख रुपैयाँ खर्चेर टिममा भित्राएको थियो ।

आरिफका सहोदर भाइ हुनुहुन्छ आसिफ शेख । जनकपुर बोल्ट्सले मार्की खेलाडीका रुपमा आसिफलाई २० लाख रुपैयाँ खर्चेर किनेको थियो । जनकपुर बोल्ट्सका कप्तान अनिल साह घाइते भएसँगै कप्तानको जिम्मेवारी समेत आसिफको काँधमा आइपुगेको थियो । आसिफले फाइनल खेलमा शुरुआती ब्याट्सम्यानका रुपमा क्रिकेट मैदानमा छिर्नुभएको थियो । आसिफले फाइनल खेलमा १९ बल खेल्दै चार चौका र दुई छक्कासहित ३३ रन बनाएका थिए । प्रतियोगिताको अन्य खेलमा राम्रो चल्न नसकेका आसिफले फाइनल खेलमा लाहिरु मिलान्थासँग उत्कृष्ट शुरुआत गर्नुभएको थियो ।

### विश्वकप जितेको हेर्ने बुबाको धोको

मोहम्मदले आफ्ना छोराहरुलाई उनीहरुको रुचि र चाहनाअनुसार नै क्रिकेटमा लाग्न प्रेरित गर्नुभएको थियो । "मेरो प्रशस्त धनसम्पत्ति भएर छोराहरुलाई खेलाडी बनाएको होइन", उहाँले भन्नुभयो, "असल संस्कार र शिक्षादिक्षाकै कारणले अहिलेको यो स्थानमा आइपुग्न सफल भएका हुन् ।रासस

# 'आधारहीन होइन, आलोचनात्मक पत्रकारिताको खाँचो छ'

काठमाण्डु । प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले 'डिजिटल' मिडियाबाट आधारहीन आरोपले प्रश्रय पाएको भन्दै सचेत बन्न आग्रह गर्नुभएको छ ।



नयाँ अनलाइनका सम्पादक/प्रकाशकका लागि आचारसहिंता अभिमुखीकरण कार्यक्रमको ५३औं शृृ लाअन्तर्गत आइतबार काउन्सिलमा भएको कार्यक्रममा उहाँले आधारहीन आरोप र पक्षधरताले सञ्चारमाध्यमकै बद्नाम हुने भएकाले तथ्यमा आधारित पत्रकारिता गर्नुपर्नेमा जोड दिनुभयो ।

पत्रकारितामा आलोचनात्मक चेत आवश्यक भए त्यसको नाममा आलोचना मात्रै गर्नु र सन्तुललन गुमाउनु मर्यादित पत्रकारिताविपरित भएको अध्यक्ष बस्नेतको भनाइ थियो । "पत्रकार स्वयम् सजग, सचेत र चनाखो नहुँदा यसको मार मिडिया जगत्ले खेपिरहनुपरेको छ । त्यसैले अहिले आधारहीन आरोप नभई आलोचनात्मक पत्रकारिताको खाँचो छ", उहाँले भन्नुभयो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका निवर्तमान अध्यक्ष विपुल पोखरेलले आचारसंहिता आफैंलाई अनुशासनमा बाँध्ने सूत्र भएकाले पत्रकारहरूले यसको सधैं पालना गर्नुपर्ने बताउनुभयो । प्रेस काउन्सिलको मूल काम नै आचासंहिता निर्माण र लागू गराउने भएकाले पछिल्लो समय नयाँ सूचीकरण हुने अनलाइनलाई अभिमुखीकरण गर्ने काम सराहनीय र प्रभावकारी रहेको बताउनुभयो ।

विषयविज्ञ फूलमान बलले पत्रकार भन्नासाथ बौद्धिक वर्ग भनेर चिन्ने गरिएकाले यसमा प्रश्न उठाउने काम पत्रकार आफैंले गर्न नहुने बताउनुभयो । नेपाल टेलिभिजनका निवर्तमान महाप्रबन्धक उहाँले राज्यले पत्रकारको योग्यतासम्बन्धी स्पष्ट मापदण्ड बनाउन पनि आवश्यक रहेको धारणा राख्नुभयो । रासस

# सञ्चार क्षेत्र व्यवस्थित नभए सुशासन कायम गराउन समस्या हुन्छः सञ्चारमन्त्री गुरुङ

कास्की । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरूङले सञ्चार क्षेत्र व्यवस्थित रुपमा सञ्चालन हुनुपर्ने बताउनुभएको छ । नेपाल पत्रकार महासङ्घ कास्कीको नवनिर्वाचित कार्यसमिति, प्रदेश तथा राष्ट्रिय परिषद् सदस्यहरु आइतबार शपथ तथा पदस्थापन समारोहको उद्घाटन गर्दै उहाँले देशमा स्थिरता र सुशासन स्थापनाका लागि सञ्चार जगत्ले सरकारलाई सहयोग गर्नुपर्ने बताउनुभयो ।

सञ्चारमन्त्री गुरुङले भन्नुभयो, "वर्तमान सरकार बनेको भोलिपल्टदेखिनै अस्थिरताको कुरा भइरहेको छ । सरकार ढल्छ भनेर लेखिरहेका छन्, सञ्चार क्षेत्रबाट प्रचार भइरहेको छ । यसबाट सुशासन कायम गर्ने कुरामा समस्या हुन्छ । सञ्चार क्षेत्र व्यवस्थित नभए सरकारलाई सुशासन कायम गराउन समस्या हुन्छ ।" सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चारमन्त्री गुरुङले अनलाइन सञ्चारमाध्यममा अराजकता बढेकाले नियमनका लागि कानुन मन्त्रालय लागिपरेको छ", सञ्चारमन्त्री गुरुङले भन्नुभयो ।

विद्युतीय अपराध बढेकाले सोको नियन्त्रणका लागि साइबर सुरक्षा विधेयक र प्रेस काउन्सिलको नियमनकारी भूमिका विस्तारका लागि मिडिया काउन्सिल विधेयक यही हिउँदे अधिवेशनमा पारित गर्ने योजना रहेको उहाँले जानकारी दिनुभयो ।

फरक प्रसङ्गमा उहाँले सहकारी रकम अपचलनमा जोडिएका जो सुकैलाई पनि कारबाहीका लागि सरकार प्रतिबद्ध रहेको मन्त्री गुरुङले स्पष्ट पार्नुभयो । "सर्वदलीय संसदीय छानबिन समितिले दिएको प्रतिवेदनका आधारमा दोषीलाई कारवाही हुन्छ । सत्तामा भएका दुई ठूला दलका भए पनि छाडिदैन । अनुसन्धान र अध्ययनले देखाएका सबैलाई कारबाही हुन्छ, कसैलाई पनि छुट हुँदैन", मन्त्री गुरुङले भन्नुभयो ।

त्यस अवसरमा सञ्चारमन्त्री गुरुङले गत मङ्सिर २८ गते सम्पन्न पत्रकार महासङ्घको निर्वाचनमा कास्की



निर्माणका गर्न लागिएको उहाँले जानकारी दिनुभयो ।

अनलाइनको मिडियाको प्रयोग, सञ्चालन र नियमन गर्ने विधेयक मन्त्रिपरिषद् बाट पारित भएको र अबको सदनमा प्रस्तुत हुने उहाँले बताउनुभयो ।"डिजिटल प्लेटफर्म सञ्चालन गर्नेहरु मर्यादित बन्न आवश्यक छ । संस्कार र संस्कृतिमाथि हमला गर्नुहुँदैन । समाजलाई अमर्यादित बनाउने काम अनलाइन सञ्चार माध्यमबाट गर्नुहुँदैन । अनलाइन मिडियाको स्थापना, सञ्चालन र प्रयोगकाका लागि नियमन गर्नु आवश्यक छ भनेर सञ्चार शाखामा निर्वाचित अध्यक्ष माधव बराल नेतृत्वको कार्यसमिति तथा प्रदेश परिषद् र राष्ट्रिय परिषद् सदस्यमा निर्वाचितहरूलाई प्रमाणपत्र प्रदान गर्नुभयो ।

कार्यक्रममा निर्वाचन समितिका संयोजक पुण्य पौडेल, सदस्यहरु रवीन्द्र बाँस्तोला, गोविन्द पौडेल, गण्डकी प्रदेशका प्रेस रजिष्टार विमला भण्डारी, नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बराल, माओवादी केन्द्रका जिल्ला संयोजक विश्वप्रकाश लामिछाने, अध्यक्षका प्रत्याशी राजेन्द्र अधिकारीलगायतले पत्रकारिता क्षेत्रका विभिन्न विषयमा भनाइ राख्नुभएको थियो ।रासस

# सञ्चार र मिडियासम्बन्धी सम्मेलन सुरु

कीर्तिपुर । सामाजिक सञ्जालको व्यापकता र प्रविधिको तीव्र विकास र प्रयोगसँगै आमसञ्चार क्षेत्र देखिएका सम्भावना र चुनौतीबारे बौद्धिक विमर्श गर्ने उद्देश्यले आइतबारदेखि यहाँ सञ्चार र मिडियासम्बन्धी सम्मेलन सुरु भएको छ ।

त्रिभुवन विश्वविद्यालय केन्द्रीय पत्रकारिता विभाग र सेन्टर फर मिडिया रिसर्च नेपालको आयोजनामा आजदेखि सुरु दुई दिने उक्त सम्मेलनमा व्यापक हुँदै गएको गलत सूचना प्रवाह, सामाजिक सञ्जालको प्रयोग, सञ्चारमाध्यममा देखिनेपक्षधरता र सञ्चार साक्षरतालगायत सञ्चारसम्बद्ध एक दर्जनभन्दा बढी विषयमा कार्यपत्र तथा अनुसन्धान पत्रहरुमाथि छलफल हुनेछन् ।

सम्मेलनको उद्घाटन सत्रमा प्रमुख विषयवस्तु प्रस्तुत गर्दै प्राध्यापक पि खरेलले प्रविधिले पत्रकार र सञ्चारमाध्यमलाई जतिसुकै सुविधासम्पन्न बनाए पनि घटना क्रमको स्वच्छ तथ्य सङ्कलनमा आधारित समाचार सम्प्रेषण अझै पनि चुनौतीपूर्ण रहेको बताउनुभयो । "प्राप्त सूचनाको सत्यता परीक्षण र पुनःपरीक्षण हुनुपर्ने विचार बुद्धकै पालमा आएको हो तर अहिले पनि पुनःपरीक्षण नगरिएका समाचार सञ्चारमाध्यममा उल्लेख्य मात्रामा भेटिन्छन्", उहाँको भनाइ थियो ।

यसबाहेक प्राकृतिक प्रकोप वा दुर्घटनाको समाचार सम्प्रेषणमा अपनाउनुपर्ने सचेतताको अभाव टडकारो देखिएको उहाँको भनाइ थियो । रासस


## VACANCY ANNOUCEMENT
## Support Staff

HELEN KELLER INTI

Helen Keller International, an International non-profit organization (INGO) works to improve the sight and lives of the vulnerable by combating the causes and consequences of blindness, poor health, and malnutrition through public health approaches, building the capacity of organizations, and contributing to policy changes through systems strengthening and operations research. Applications are invited from interested, committed, dynamic team players and experienced Nepali nationals for the following position:

| | |
|---|---|
| Support Staff- 1 no based in Madhesh Province | **Summary of Job Purpose:** The support staff will be responsible for opening the office, cleaning all areas regularly, and keeping office appliances tidy. Hospitality tasks involve serving tea/coffee and ensuring water is available. Duties also include collecting and delivering mail, assisting with financial deliveries, supporting workshops and meetings, packing and labeling materials, operating photocopiers, and washing office linens. Additional tasks are assigned by the line manager.<br>**Educational qualifications and experience:** The candidate should have at least a high school education (SLC) and 1-2 years of administrative experience. Strong communication skills, multitasking ability, and flexibility in a fast-paced environment are essential. S/he should be resourceful, organized, energetic, and able to work with diverse personalities. |

**To Apply:** Qualified candidates should drop their CV with a cover letter at **Kataiya Chauri, Pragatinagar-12, West sides of Bhutahi Pokhari** at Helen Keller International Office, Madesh Province between 9:00 AM to 5:00 PM. We strongly encourage qualified female candidates to apply by January 6, 2025.

In the spirit of our founder and namesake, Helen Keller is dedicated to building an inclusive workforce where diversity is fully valued.

All qualified applicants will receive consideration for employment without regard to race, color, religion, gender, caste, age, disability, or any other status that has no bearing on the ability of an individual to perform the functions of the job.



## शहीदनगर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### यदुकूहा, धनुषा
### मधेश प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी पदपुर्ति सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशन मिति : २०८१/०९/०७ गते**

यस शहीदनगर नगरपालिकामा सेवा करारमा कर्मचारीहरुका लागि देहाय बमोजिम सेवाका जनशक्ति (सेवा करारमा आवश्यक भएको हुदाँ योग्यता पुगेका नेपाली नागरिकहरुबाट १५ (पन्ध्र) दिन भित्र दरखास्त आह्वान गरिएको छ ।

| विज्ञापन नं. | सेवा करारमा लिने पद | माग संख्या |
|---|---|---|
| २०८१/०८२-०१ | पशु सेवा अधिकृत | १ (एक) |
| २०८१/०८२-०२ | कृषि अधिकृत | १ (एक) |
| २०८१/०८२-०३ | कृषि प्रविधिक | १ (एक) |
| २०८१/०८२-०४ | प्रधानमन्त्री रोजगार संयोजक | १ (एक) |
| २०८१/०८२-०५ | कम्प्यूटर अपरेटर | ९ जना |
| २०८१/०८२-०६ | ल्याव असिस्टेन्ट | १ (एक) |
| २०८१/०८२-०७ | कार्यालय सहयोगि | १० जना |

**आवश्यक योग्यता तथा अन्य विवरण**

१. **उमेर :** २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
२. **दरखास्त बुझाउने अन्तिम मिति :** प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र र अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट ।
३. **पारिश्रमिक तथा सुविधा :** करार सेवा सम्झौता अनुसार।
४. **करार अवधि :** सुरुमा १ आर्थिक वर्षसम्म कार्यसम्पादनको आधारमा थप हुन सक्ने ।
५. **परिक्षा दस्तुर र फारम :** अधिकृत तहको लागि रु. १,०००।- (एक हजार मात्र) क.अ.पाचौ र चौथो श्रेणि रु ५००।- का.स.रु ३००।- दरखास्त फाराम यस शहीदनगर नगरपालिकाको वेवसाइट shahidnagarmun.gov.np मार्फत प्राप्त गर्न सकिने छ ।
६. **दस्तुर बुझाउने स्थान :** शहीदनगर नगरपालिकाको कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लि., जनकपुरमा रहेको शहीदनगर नगरपालिका आन्तरिक राजस्व खाता नं. १२२०१००३०१०१००१० मा रकम जम्मा गरी सक्कल भौचर पेश गर्नु पर्नेछ । वा यस कार्यालयको राजस्व शाखा बाट रसीद प्राप्त गरी फारम लिन पाइने छ ।
७. **दरखास्त दिने स्थान :** शहीदनगर नगरपालिकाको कार्यालय, यदुकूहा, ।
८. **आवेदनसाथ संलग्न गर्नु पर्ने कागजातहरु :** शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
९. **परीक्षाको किसिम :** लिखित तथा अन्तर्वाता (यस कार्यालयको करार सेवामा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि (पहिलो संशोधन) कार्यविधि २०८० ले तोकिए बमोजिम )
१०. **परीक्षा सम्बन्धी जानकारी :** पछी जनाकारी गराइनेछ।
११. **विविध :** सुचनामा उल्लेख नभएका विषयहरुको हकमा प्रचलित ऐन ,कानुन तथा कार्यविधि अनुसार हुने छ ।

**द्रष्टव्य** :- तोकिएको म्याद भित्र दाखिला नभएका, नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपि नभएका, तोकिएको अन्य विवरण नखुले दरखास्त फारम स्वीकृत गरिने छैन ।

**प्रमुख प्रशासकिय अधिकृत**